**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १६३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असार १४ गते आइतबार ❑ 28 June 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## लुम्बिनीमा भुटानी गुम्बा निर्माण सुरु, नेपाल–भुटान सम्बन्ध थप प्रगाढ हुने विश्वास

**रासस**
काठमाडौं, १३ असार

भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा भुटान सरकारले निर्माण गर्न लागेको भुटानी गुम्बाको शनिबार औपचारिक रूपमा शिलान्यास गरिएको छ।

भुटानका गृहमन्त्री ल्योन्पे छिरिङ, भुटानका धर्मगुरु उप महासङ्घराजा दोर्जे लोपेन रिम्पोछे तथा नेपाल सरकारका संस्कृति, पर्यटन तथा नागरिक उड्डनमन्त्री खड्गराज अधिकारी (गणेश) पौडेलको उपस्थितिमा विशेष धार्मिक विधिअनुसार गुम्बा निर्माणको शुभारम्भ गर्नुभयो हो।

शिलान्यास कार्यक्रममा भुटानी लामागुरुहरूले धार्मिक अनुष्ठान गर्दै भूमि पूजन गर्नुभएको थियो। गुम्बा निर्माणलाई भुटान र नेपालबीचको सांस्कृतिक, धार्मिक तथा कूटनीतिक सम्बन्धलाई अझ सुदृढ बनाउने ऐतिहासिक कदमका रूपमा हेरिएको छ। भुटान सरकारको गृह मन्त्रालयअन्तर्गत संस्कृति तथा जोङ्खा विकास विभागकी महानिर्देशक म्याक्सुद ओजीले लुम्बिनीमा भुटानी मन्दिर निर्माण सुरु हुनु भुटानका लागि अत्यन्त महत्त्वपूर्ण र ऐतिहासिक उपलब्धि भएको बताउनुभयो। उहाँले भन्नुभयो, "लुम्बिनी परिसरमा नयाँ भुटानी मन्दिर निर्माण कार्य सुरु गर्नका लागि भूमि देवीको आशीर्वाद लिन हामी यहाँ उपस्थित भएका छौं। यो परियोजनाले भुटानी बौद्ध परम्परा र संस्कृतिलाई बुद्धको जन्मभूमिसँग जोड्नेछ।" भुटान सरकार र लुम्बिनी विकास कोषबीच गतवर्ष गुम्बा निर्माणसम्बन्धी समझदारीपत्र (एमओयू) मा हस्ताक्षर भएको थियो। उक्त सम्झौताअनुसार चालु वर्षभित्रै परियोजना सुरु गर्ने प्रतिबद्धता कार्यान्वयन गर्दै निर्माण



प्रक्रिया अघि बढाइएको उहाँले बताउनुभयो।

परियोजनाको पहिलो चरणअन्तर्गत गुम्बा परिसरको सीमा पर्खाल निर्माण कार्य सम्पन्न भइसकेको छ भने अब मुख्य मन्दिर निर्माणको काम सुरु गरिएको छ। भुटान सरकारले आगामी दुई वर्षभित्र सम्पूर्ण निर्माण सम्पन्न गर्ने लक्ष्य राखेको ओजीले बताउनुभयो। प्रस्तावित गुम्बामा भुटानको मौलिक वास्तुकला, धार्मिक कला तथा सांस्कृतिक विशेषतालाई समेटिने बताइएको छ। भुटानी शैलीका संरचना, प्रार्थना कक्ष, सांस्कृतिक प्रदर्शनी क्षेत्र तथा धार्मिक गतिविधिका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछन्। महानिर्देशक ओजीका अनुसार गुम्बा निर्माण सम्पन्न भएपछि लुम्बिनी भ्रमणमा आउने विश्वभरका बौद्ध तीर्थयात्री तथा पर्यटकहरूले भुटानी संस्कृति, कला र आध्यात्मिक परम्पराको प्रत्यक्ष अनुभव गर्न सक्नेछन्।

"एक बौद्ध राष्ट्रका रूपमा हामी हाम्रो विशिष्ट वास्तुकला र बुद्धप्रतिको श्रद्धालाई यहाँ प्रस्तुत गर्न चाहन्छौँ", उहाँले भन्नुभयो, "यसले लुम्बिनीलाई अझ अन्तरराष्ट्रिय र बहुसांस्कृतिक बौद्ध केन्द्रका रूपमा स्थापित गर्न मद्दत पुऱ्याउनेछ।" यसैगरी गुम्बा शिलान्याससँगै नेपाल र भुटानका उच्च सरकारी प्रतिनिधिबीच लुम्बिनीमा द्विपक्षीय भेटवार्ता पनि सम्पन्न भएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्गराज पौडेल र भुटानका गृहमन्त्री ल्योन्पे छिरिङबीच भएको छलफलमा पर्यटन, सांस्कृतिक आदानप्रदान तथा दुई देशबीचको सम्बन्धलाई थप मजबुत बनाउने विषयमा केन्द्रित रहेर विचार विमर्श भएको थियो। लुम्बिनी विकास कोषका निमित्त सदस्य सचिव ज्ञानीन राईका अनुसार वार्ताका क्रममा नेपालले दुई महत्त्वपूर्ण प्रस्ताव भुटानी पक्षसमक्ष राखेको थियो। मन्त्री पौडेलले भुटानको पारो अन्तरराष्ट्रिय विमानस्थल र भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलबीच सिधा हवाई उडान सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो। कोषका निमित्त सदस्य सचिव राईका नेपाली पक्षले पारो–लुम्बिनी–बोधगया धार्मिक पर्यटन सर्किट विकास गर्न सके दक्षिण एशियाली बौद्ध पर्यटनमा नयाँ सम्भावना सिर्जना हुने धारणा राखेको थियो। हाल भुटानको राष्ट्रिय ध्वजावाहक ड्रुक एअरले पारो–काठमाडौँ उडान सञ्चालन गर्दै आएको सन्दर्भमा लुम्बिनीलाई अन्तरराष्ट्रिय बौद्ध गन्तव्यका रूपमा प्रत्यक्ष हवाई सञ्जालमा जोड्नुपर्ने आवश्यकता नेपाली पक्षले औँल्याएको थियो। भुटानले विदेशी पर्यटकहरूमाथि लागू गर्दै आएको दिगो विकास शुल्क (एसडीएफ) सम्बन्धी थियो। हाल नेपाली नागरिकहरूले पनि भुटान भ्रमण गर्दा प्रतिव्यक्ति प्रतिदिन १०० अमेरिकी डलर बराबरको शुल्क तिर्नुपर्ने व्यवस्था रहेको छ। नेपालले दुई देशबीचको ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक सम्बन्धलाई ध्यानमा राख्दै नेपाली नागरिकका लागि उक्त शुल्क हटाउन वा विशेष सहुलियतको व्यवस्था गर्न आग्रह गरेको छ। भारत र बङ्गलादेशका पर्यटकका लागि छुट्टै व्यवस्था रहेको उदाहरण प्रस्तुत गर्दै नेपाली पक्षले नेपाली पर्यटकलाई सहज पहुँच उपलब्ध गराउन आग्रह गरेको थियो।

भुटानका गृहमन्त्री ल्योन्पे छिरिङले नेपालले उठाएका विषयहरूलाई सकारात्मक रूपमा लिइएको बताउँदै आवश्यक सरकारी तहमा थप छलफल गरिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। उहाँले लुम्बिनीमा भुटानी गुम्बा निर्माणका लागि नेपाल सरकारले उपलब्ध गराएको जग्गा तथा सहयोगप्रति भुटान सरकारको तर्फबाट आभार व्यक्त गर्नुभयो। उहाँले लुम्बिनी र भुटानबीचको धार्मिक सम्बन्धलाई अझ सुदृढ बनाउँदै बौद्ध सम्पदा संरक्षण, तीर्थ पर्यटन प्रवर्द्धन तथा जनस्तरको सम्बन्ध विस्तारमा सहकार्य बढाउने प्रतिबद्धता पनि जनाउनुभयो।

## पोखराको फिष्टेल ड्रिम पार्कमा थपियो साहसिक खेल 'स्विङ'

**पोखरापत्र संवाददाता**
पोखरा, १३ असार

पोखराको पर्यटकीय आकर्षणका रूपमा स्थापित फिष्टेल ड्रिम पार्कले साहसिक खेलको दायरा विस्तार गर्दै पाँच प्रकारका नयाँ 'स्विङ' (पिङ) सञ्चालनमा ल्याएको छ।



हरेक वर्ष नयाँ मनोरञ्जनात्मक गतिविधि थप्दै आएको पार्कले यसपटक युवापुस्ता तथा आन्तरिक तथा बाह्य पर्यटकलाई लक्षित गर्दै स्विङ सञ्चालनमा ल्याएको हो। पार्कमा सञ्चालनमा आएका जायन्ट स्विङ, डिलक्स स्विङ, इलेक्ट्रिक स्विङ र बेबी स्विङ ले साहसिक खेलप्रेमीका लागि नयाँ अनुभव प्रदान गर्ने कम्पनीका निर्देशक कमल बस्नेतले बताउनु भयो। राष्ट्रिय परोपकार महासंघका संस्थापक अध्यक्ष एवं भागवत भाष्कर कमलनयन गौतमले उक्त स्विङको शनिबार एक समरोहका बिच उद्घाटन गर्दै नेपालमा परम्परागत रूपमा दशैंमा मात्रै पिङ खेल्ने चलन रहेको स्मरण गर्दै अब आधुनिक साहसिक खेलका रूपमा वर्षभरि स्विङ खेल्न सकिने अवस्था सिर्जना भएको बताउनु भयो। उनका अनुसार यस्तो गतिविधिले युवापुस्तामा साहसिक खेलप्रति रुचि बढाउनुका साथै पर्यटन प्रवर्द्धनमा पनि महत्वपूर्ण योगदान पुग्नेछ। "प्राकृतिक सौन्दर्यले भरिपूर्ण पोखरामा फिष्टेल ड्रिम पार्कले नयाँ आकर्षण थपेको छ। विशेषगरी सेती नदीको बन्जीसँगै स्विङ सञ्चालनमा आउनुले पोखराको पर्यटनमा थप आयाम थपिएको छ," उहाँले भन्नुभयो।

कम्पनीका जनरल म्यानेजर अङ्कित कुमार सिंहका अनुसार जायन्ट स्विङमा एक जनाका लागि ७०० रुपैयाँ, दुई जनाका लागि १,२०० रुपैयाँ र तीन जनाका लागि १,५०० रुपैयाँ शुल्क निर्धारण गरिएको छ। डिलक्स स्विङमा एक जनाका लागि ३०० रुपैयाँ र दुई जनाका लागि ५०० रुपैयाँ लाग्नेछ। त्यस्तै, इलेक्ट्रिक स्विङको शुल्क ३०० रुपैयाँ र बेबी स्विङमा एक जनाको २ सय र २ जनाको ३०० रुपैयाँ शुल्क तोकिएको छ।

कम्पनीले पाँचवटा नयाँ स्विङ स्थापना गर्न करिब १ करोड ५० लाख रुपैयाँ लगानी गरेको जनाएको छ। आयु इन्टरटेन्मेन्ट लिमिटेडले फिष्टेल ड्रिम पार्कको ३० लाख कित्ता साधारण शेयर प्रतिकित्ता १०० रुपैयाँका दरले निष्काशन गर्ने तयारी गरेको छ। यसका लागि नेपाल लाइफ क्यापिटल लिमिटेडलाई निष्काशन तथा बिक्री प्रबन्धक नियुक्त गरिएको कम्पनीले जनाएको छ। मार्केटिङ म्यानेजर कृष्ण प्रसाद ढकालका अनुसार गर्मीयाममा सार्वजनिक बिदाका दिन पार्कमा एकै दिन करिब दुई हजारसम्म पर्यटक पानीजन्य खेल तथा स्विमिङका लागि आउने गरेका छन्। वर्षैभरि पर्यटक आकर्षित गर्ने उद्देश्यले यसपटक साहसिक स्विङ सञ्चालनमा ल्याइएको उहाँले बताउनु भयो। पार्कका निर्देशक डा.हिमाल भट्टराई, सञ्चालक मदन मुल्मी, रुकबहादुर गुरुङ लगायतको उपस्थिति रहेको थियो। करिब ५५ रोपनी क्षेत्रफलमा फैलिएको फिष्टेल ड्रिम पार्क नेपालकै ठूलो मनोरञ्जन पार्कमध्ये एक मानिन्छ। अत्याधुनिक प्रविधिसहित सञ्चालनमा रहेको पार्कमा वाटर पार्क, साहसिक खेल, पारिवारिक मनोरञ्जन तथा बालबालिकाका गतिविधिसहित १५ भन्दा बढी आकर्षक खेल सञ्चालनमा छन्।

नयाँ स्विङ सञ्चालनसँगै फिष्टेल ड्रिम पार्कले पोखरा आउने पर्यटकका लागि मनोरञ्जन र साहसिक खेललाई एउटै गन्तव्यमा उपलब्ध गराउँदै आफ्नो आकर्षण थप सुदृढ बनाएको कम्पनीको विश्वास छ कक्षा ७ सम्मका विद्यार्थीले ६०० रुपैयाँमा खेलहरूको आनन्द लिन सक्छन् भने अन्यका लागि १ हजार रुपैयाँमा सबै खेलहरू एक दिनभरि वाटर गेम प्रयोग गर्न पाइन्छ।


**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ् कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## कास्कीमा रोपाइँ तीव्र

**पोखरापत्र संवाददाता**
पोखरा, १३ असार

अघिल्लो वर्षको तुलनामा यस वर्ष एक हप्ताअघि मनसुन सुरु भएपछि कास्कीका किसानले समयमै धानरोपाइँ गर्न पाएका छन्। जिल्लाका २६ हजार हेक्टर क्षेत्रफलमा धान खेतीगरिँदै आइएको छ।

जिल्ला कृषिविकास कार्यालयका कृषि प्रचारप्रसार अधिकृत रामकृष्ण अर्यालका अनुसार यहाँका चार पालिका र एक महानगरपालिका २६ हजार हेक्टर धानखेतमध्ये ४७ प्रतिशतमा धान रोपाइँ सकिएको हो। सिँचाइ कुलो लाग्ने खेतमा अधिकांश रोपाइँ भइसकेको उहाँले जानकारी दिनुभयो।



गाउँका टारी खेतमा पानीका मुल अझै नफुटेका कारण रोपाइँ हुन सकेको छैन, अर्यालकाअनुसार दुई चार दिनलगातार वर्षा भयो भने टारी खेतमा पनि धान रोपाइँ हुन्छ। सिँचाइ भएका र धानका पकेट क्षेत्र मानिदै आएका फाँटहरू कुँडहर, शिशुवा, फेवाफाँट, विरुवा, सार्दीखोला, लाचोक, हेम्जा, सुइँखेत खुदी, भलाम, बुडुवा सातमुहाने देउराली, सुरौदी, अर्मला, आर्बा फाट, मादीबेसी, मकैखोला, वेगनास तालबेसी जस्ता फाँटका अधिकांश किसानले धान रोपाइँ गरिसकेको अर्यालले बताउनुभभयो।

वार्षिक ८५ हजार मेक्टिकटन धान उत्पादन हुँदै आएको कास्कीमा बढीमात्रामा उन्नत जातका धानका बीउहरू रोप्ने गरिएको जानकारी उहाँले दिनुभयो। ती जातका धानबालीले बढी उत्पादन दिने भएपछि किसान उन्नतजातको धानप्रति आकषित हुने गरेका छन्। कास्कीमा रैथाने धान जेठोबुढो, गुर्दी, मन्सरा, अनदीबढी हुने गरेको भएपनि पछिल्ला वर्षमा त्यस्ता रैथाने धान कम लगाउने गरिएको पाइएको छ। अधिकांश किसानले उन्नत मनसुली, खुमल, रामधाम, सावित्रीजस्ता जातहरू लगाउँदै आएको जानकारी जिल्ला कृषि विकास कार्यालय कास्कीका प्रमुख सुदीप खतिवडाले दिनुभयो। कृषि विकास कार्यालयले सुधारिएको धानको बीउ किसानलाई अनुदान दिँदै आएको र यस वर्ष पनि उक्त बीउको लागि आठ लाख रुपैयाँ छुट्टिएको छ, श्रोत बीउ, औजार, उपकरण वितरण, भण्डारण र वर्गीकरण गर्ने गरेका छौं। कार्यालयले वार्षिक रूपमा उत्कृष्ट किसानलाई पुरस्कृत गर्दै आएको छ।

पोखरा-२४ कास्की कोटका किसान जीवन सुवेदीले यस वर्ष बेलैमा धान रोपाइँ गर्न पाएकोमा खुसी व्यक्त गर्दै धानको उत्पादन बढ्ने आशा गर्नुभएको छ।

रासायनिक मलमा कुनै पनि कृषि सहकारीले कालोकजारी गरी बढी मूल्यमा बिक्री नगरुन भनेर नै अनुगमन गरिरहेको जानकारी उहाँले दिनुभयो। पछिल्लो समय गोरुको सट्टा ट्याक्टरबाट खेत जोति रोपाइँ गर्ने भएकाले पनि एकै दिन धेरै क्षेत्रफलको जमिनमा धान रोपाइँ गर्न सकिने बताउनुभयो। समयमै मनुसन सुरु भएकाले र प्राकृतिकप्रकोप तथाकुनै रोग नलागेमा अघिल्लो वर्षको तुलनामा यस वर्ष कास्कीमा धानको उत्पादन बढ्ने अनुमान कृषि विकास कार्यालय कास्कीको छ।

# ५ किलोमिटर सडक दौडमा पुरुष तर्फ अजय पाण्डे र महिला तर्फ नितु तामाङ प्रथम

पोखरापत्र संवाददाता
पोखरा, १३ असार

अन्तर्राष्ट्रिय श्रवणदृष्टि विहीनता दिवस २०८३ (जुन २७) को अवसरमा शनिबार पोखरामा श्रवणदृष्टि विहीन संघ नेपालको आयोजनामा खुला ५ किलोमिटर सडक दौड प्रतियोगिता आयोजना गरिएको छ ।



श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरुको दोस्रो अन्तराष्ट्रिय दिवसको अवसरमा आयोजित जनचेतनामुलक ५ किलोमिटर सडक दौड प्रतियोगितामा पुरुष तर्फ अजय पाण्डे प्रथम हुनु भएको छ भने महिला तर्फ नितु तामाङ प्रथम हुनु भएको हो ।

पुरुषतर्फ पाण्डेले १६ मिनेट ४४:९८ सेकेन्डमा दूरी पूरा गर्दै प्रथम स्थान हासिल गर्दा गौतम श्रेष्ठले १६ मिनेट ५२:४० सेकेन्डका साथ द्वितीय तथा उपेश ठाकुरीले १७ मिनेट ०८:५० सेकेन्डमा दौड पूरा गर्दै तृतीय स्थान प्राप्त गर्नुभयो ।

त्यसै गरी महिलातर्फ नितु तामाङले २३ मिनेट ३३:३१ सेकेन्डमा निर्धारित दूरी पार गर्दै प्रथम हुदा मनकुमारी लामा २४ मिनेट ४६:५९ सेकेन्डका साथ द्वितीय तथा विमला माया मानन्धरले २५ मिनेट ३५:७० सेकेन्डमा दौड पूरा गर्दै तृतीय स्थान हासिल गर्नुभयो ।

१६ वर्षमुनि छात्रतर्फ मन्दिप पाण्डे २५ मिनेट ३०:६२ सेकेन्डका साथ प्रथम हुनु भयो । रोहन खड्का दोश्रो श्याम रोका तेश्रो हुनु भयो । १६ वर्षमुनि छात्रातर्फ समृद्धि मरासिनीले २५ मिनेट ५३:६० सेकेन्डमा दूरी पूरा गर्दै प्रथम हुनु भयो । साधना परियार दोश्रो र कविता मगर तेश्रो हुनु भयो ।

भेट्रान्स पुरुषतर्फ तेजबहादुर गुरुङले २० मिनेट ३४:२९ सेकेन्डमा दुरी पार गरी उपाधि प्राप्त गर्दा भेट्रान्स महिलातर्फ विष्णु ठाकुरीले २९ मिनेट ३१:२० सेकेन्डमा दौड पूरा गर्दै प्रथम स्थान हासिल गर्न सफल हुनु भयो । त्यसैगरी श्रवणदृष्टि विहीन पुरुषतर्फ मनीष जामीले २२ मिनेट ३३:२० सेकेन्डका साथ प्रथम स्थान प्राप्त गर्दा श्रवणदृष्टि विहीन महिलातर्फ बसमाया बीकेले ४० मिनेट २३:२० सेकेन्डमा दौड पूरा गर्दै प्रथम हुनु भयो ।

प्रतियोगिताका विजेताहरूलाई नगद पुरस्कार, प्रमाणपत्र तथा सम्मान प्रदान गरिएको आयोजकले जनाएको छ। प्रतियोगितामार्फत श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरूका अधिकार, क्षमता र समावेशी समाज निर्माणको सन्देश प्रवाह भएको संस्थाका अध्यक्ष पुष्पराज रिमालले बताउनु भयो । समाजमा श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरूप्रति जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले आयोजित प्रतियोगितामा पुरुष, महिला, १६ वर्षमुनिका छात्र-छात्रा, भेट्रान्स तथा श्रवणदृष्टि विहीन खेलाडीतर्फ छुट्टाछुट्टै प्रतिस्पर्धा गराइएको थियो। यस अघि गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यबस्था मन्त्री गोविन्द नेपालीले प्रतियोगिताको उद्घाटन गर्नु भएको हो । खुल्ला तर्फ महिला तथा पुरुष तर्फका विजेतालाई प्रथम पुरस्कार ७ हजार ५ सय, द्वितीय पुरस्कार रु ५ हजार, तृतीय पुरस्कार रु २ हजार ५ सय सहित प्रमाणपत्र प्रदान गरिएको थियो । प्रतियोगितामा १७ जना बहिरा सहित ८८ जना धावकहरु सहभागिता रहेको रेस डाईरेक्टर ओम गुरुङले बताउनु भयो ।

# दीपशिखामा टेक एज युथ परियोजना सकियो

पोखरापत्र संवाददाता
पोखरा, १३ असार



पोखरा महानगरपालिका वडा नं २९ मा रहेको दीपशिखा सामुदायिक पुस्तकालयमा विगत डेढ वर्षदेखि सञ्चालित टेक एज युथ परियोजनाको शनिवार समापन गरिएको छ ।

अध्ययन केन्द्रका साथै सिकाईका विविध पाटालाई समेटेको दीपशिखा सामुदायिक पुस्तकालयले रिड नेपाल अन्तर्गतको टेक एज युथ परियोजना सँगको सम्झौता बमोजिम पिछडिएका, प्रविधिको पहुँच नपुगेका १३ देखि २२ वर्षसम्मका अध्ययन गर्दै वा अध्ययन गर्न छोडेका किसोरकिसोरी र फरक क्षमता भएका समेत समेटिने गरी प्रत्यक्ष रुपमा ५५ जना युथहरुलाई तालिम दिएर समापन गरिएको थियो । पुस्तकालयको सभाहलमा आयोजित समापन तथा दोस्रो चरणको उपाधी वितरण कार्यक्रमका बिच पुस्तकालयका अध्यक्ष कृष्णहरि भण्डारी, पोखरा महानगरपालिका वडा नं २९ का वडा अध्यक्ष श्रीप्रसाद गुरुङ्ग, पोखरा महानगरपालिकाका कार्यपालिका सदस्य समेत रहेकी पुस्तकालय उपाध्यक्ष निर्मला पौडेल, सामुदायिक पुस्तकालय संघ गण्डकीका अध्यक्ष एवम् पुस्तकालय कोषाध्यक्ष माधव भण्डारी, लेखनाथ पत्रकार मञ्चका अध्यक्ष विष्णुहरि पौडेल,लेखनाथ उद्योग वाणिज्य संघका महासचिव भरतराज ओझा लगायतले प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र वितरण गर्दै कार्यक्रम निकै नै प्रभावकारी बनेको धारणा राख्दै रिड नेपाल संस्था लगायतका सहयोगीहरुलाई भन्यवाद दिए । परियोजना पश्चात् आफूहरुमा आत्मविश्वाश बढेकामा जोड दिंदै ट्र्याग एम्बेस्डर स्नेहा शर्मा, विशाल ल्वागुन, आयुषा नेपाली, युवराज विक लगायतका प्रशिक्षर्थीहरुले भविष्यमा पनि यस्ता कार्यक्रमको अपेक्षा गरेका थिए । जनप्रकाश मा वि अभिभावक संघका अध्यक्ष नारायणप्रसाद काफ्ले, शिक्षक राधिका भुजेल, अभिभावक रामबहादुर खत्री, कार्यक्रम संयोजक एलिसा केसी, ट्र्याग कोअर्डिनेटर विनिता बास्तोलाले आआफ्ना अनुभव व्यक्त गर्दै परियोजना फलदायी बनेकामा जोड दिए । पुस्तकालय व्यबस्थापन समितिका पदाधिकारीहरु, कर्मचारीहरुको उपस्थिति रहेको उक्त कार्यक्रमको सञ्चालन पुस्तकालयका सचिव पदमप्रसाद अधिकारीले गरेका थिए ।

स्थानीय तह र संघसंस्थाको सहयोग रहेमा यस्ता परियोजना,तालिम तथा कार्यक्रमहरु भविष्यमा पनि सञ्चालन गरिने दीपशिखा पुस्तकालयका अध्यक्ष भण्डारीले वताए । दीपशिखा पुस्तकालयमा यस अघि टेक एज गर्ल्स परियोजना सफलताकासाथ सम्पन्न भएको थियो ।

# गण्डकी प्रदेश महिला टी-२० क्रिकेट सुरु, स्याङ्जाको विजयी सुरुआत

पोखरापत्र संवाददाता
पोखरा, १३ असार

पोखरामा आजदेखि तेस्रो संस्करणको गण्डकी प्रदेशस्तरीय महिला टी-२० क्रिकेट प्रतियोगिता सुरु भएको छ ।

महिला क्रिकेटको विकास र नयाँ खेलाडी उत्पादन गर्ने उद्देश्यले प्रादेशिक क्रिकेट सङ्घ गण्डकीको आयोजनामा तथा प्रदेश खेलकुद परिषद्को सहकार्यमा प्रतियोगिता भएको हो । पोखरा रङ्गशालास्थित क्रिकेट मैदानमा भएको उद्घाटन खेलमा स्याङ्जाले नवलपुरलाई ९६ रनको फराकिलो अन्तरले पराजित गर्दै प्रतियोगितामा विजयी सुरुआत गर्न सफल भयो ।

खेलमा टस जितेर पहिले ब्याटिङ गरेको स्याङ्जाले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै १२७ रनको प्रतिस्पर्धात्मक योगफल तयार पारेको थियो ।

स्याङ्जाका लागि सलिना सेनले सर्वाधिक ४० रनको योगदान दिइन् भने अरमिना अधिकारीले ३० रन जोडिन् । सिमाना केसीले १२ रन बनाइन्। रञ्जना साउद पाँच र अन्तिमा विश्वकर्मा छ रनमा अविजित रहँदा स्याङ्जाले अतिरिक्तबाट मात्रै २७ रन प्राप्त गरेको थियो ।

नवलपुरका बलरमध्ये श्रेया शर्माले उत्कृष्ट प्रदर्शन गर्दै चार ओभरमा २५ रन खर्चेर तीन विकेट लिइन्। निहारिका शर्माले दुई तथा आयुष्मा चापागाईंले एक विकेट हात पारिन्। जितका लागि १२८ रनको लक्ष्य पछ्याएको नवलपुर नौ ओभरको पाँचौं बलमा जम्मा ३१ रनमा समेटियो। नवलपुरका कुनै पनि ब्याटरले दोहोरो अङ्क बनाउन सकेनन् । अतिरिक्तबाट प्राप्त १४ रन नै टोलीको दोस्रो ठूलो स्कोर बन्न पुग्यो ।

स्याङ्जाको सहज जितमा सिमाना केसी र निरु जीटीले समान तीन-तीन विकेट लिए । कुसुम गोदारले दुई तथा रञ्जना साउदले एक विकेट लिइन् । ब्याटिङ्मा १२ रन र बलिङ्मा तीन विकेटसहित उत्कृष्ट अलराउन्ड प्रदर्शन गरेकी सिमाना केसी उद्घाटन खेलको 'प्लेयर अफ द म्याच' घोषित भइन् ।

प्रतियोगितामा कास्की, स्याङ्जा, नवलपुर, बागलुङ र पर्वतका पाँच टोली सहभागी छन्। प्रतियोगिता 'राउण्ड रोबिन लिग' प्रणालीमा सञ्चालन हुने आयोजक गण्डकी प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले बताउनुभयो ।

महिला क्रिकेटको स्तर उकास्दै प्रतिभावान् खेलाडी उत्पादन गर्ने तथा महिला क्रिकेटको प्रवर्द्धन, खेलाडीको क्षमता अभिवृद्धि तथा नयाँ प्रतिभा उत्पादनमा सहयोग पुग्ने उहाँले बताउनुभयो । यसअघि प्रदेश खेलकुद परिषद् गण्डकीका सदस्य रवीन्द्रबहादुर प्रजुले प्रतियोगिताको उद्घाटन गर्दै खेलकुद क्षेत्रको बजेट घट्दै जानु चिन्ताको विषय भएको बताउनुभयो । उहाँले खेलाडीलाई अनुशासित, प्रतिस्पर्धी र खेलभावनासहित उत्कृष्ट प्रदर्शन गर्न आग्रह गर्नुभयो । प्रतियोगिता यही असार १७ गतेसम्म सञ्चालन हुनेछ ।

# जनप्रिय बहुमुखी क्याम्पस अल्मुनाइको अध्यक्षमा देवेन्द्र धिताल

पोखरापत्र संवाददाता
पोखरा, १३ असार

पोखराको सिमलचौरस्थित जनप्रिय बहुमुखी क्याम्पसका पूर्व विद्यार्थीहरूको साझा मञ्च जनप्रिय अल्मुनाइ एसोसिएसनको नयाँ नेतृत्व चयन भएको छ ।




क्याम्पस परिसरमा शनिबार आयोजित पूर्व विद्यार्थीहरूको बृहत् भेलाले सामाजिक व्यक्तित्व देवेन्द्र धितालको अध्यक्षतामा १३ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो ।

नवनिर्मित समितिको उपाध्यक्षमा पेमाडोम शेर्पा, सचिवमा क्षितिज बराल र कोषाध्यक्षमा वेदप्रसाद अधिकारी चयन भएका छन्। यस्तै, सदस्यहरूमा विजय घिमिरे, प्रेम गिरी, प्रदीप पहारी, सुशान्त बाटाजू, प्रतिभा गिरी, प्रवीन अधिकारी, विदुर अधिकारी, तोरणबहादुर वि.क. र वसन्त गिरी रहेका छन् । पूर्व विद्यार्थी मञ्चका अध्यक्ष एवं क्याम्पस प्रमुख कृष्णबाबु बरालको अध्यक्षतामा सम्पन्न उक्त भेलामा बोल्दै बरालले क्याम्पस र पूर्व विद्यार्थीबीचको सम्बन्ध नङ र मासुको जस्तै हुने बताए । बरालले थपे, "आजको बदलिँदो समाजमा सामाजिक उत्तरदायित्व वहन गर्ने र क्याम्पसको प्राज्ञिक उचाइलाई थप सुदृढ बनाउन संस्थागत रूपमा अल्मुनाइ एसोसिएसनको भूमिका अपरिहार्य छ। क्याम्पसबाट दीक्षित भएर समाजका विभिन्न क्षेत्रमा नेतृत्व गरिरहेका विद्यार्थीहरू क्याम्पसका खम्बा हुन् ।" कार्यक्रममा सचिव देवकृष्ण पराजुलीले साङ्गठनिक प्रतिवेदन प्रस्तुत गर्दै वर्षौंपछि क्याम्पसको आँगनमा भेट हुँदा पूर्व विद्यार्थीहरू भावनात्मक रूपमा एकाकार भएको बताए । उनले क्याम्पसबाट उत्पादित जनशक्ति आआफ्नो कार्यक्षेत्रमा अब्बल सावित हुनु नै संस्थाको वास्तविक परिचय र सफलता भएको उल्लेख गरे । क्याम्पसको गरिमा र उपलब्धिबारे प्रकाश पार्दै सहायक प्रशासक महादेवकुमार पालिखेले जनप्रिय बहुमुखी क्याम्पसले विश्वविद्यालय अनुदान आयोगबाट दुई पटकसम्म गुणमापन तथा प्रत्यायन प्रमाणपत्र प्राप्त गरेको जानकारी दिए। उनका अनुसार, शिक्षा मन्त्रालयबाट दुई पटक मुलुकभरकै उत्कृष्ट सामुदायिक क्याम्पसको पुरस्कार पाउन सफल यस क्याम्पसमा हाल ४ हजार २ सय विद्यार्थी अध्ययनरत छन् ।

हालसम्म स्नातक तहबाट ३ हजार ५ सय २० र स्नातकोत्तर तहबाट १ सय ६२ जना विद्यार्थी दीक्षित भई राष्ट्रिय तथा अन्तरर्ाष्ट्रिय स्तरमा गुणस्तरीय सेवा प्रदान गरिरहेका छन् । लामो समयदेखि कृष्णबाबु बरालको अध्यक्षतामा रहेको पूर्व विद्यार्थी मञ्चले क्याम्पसको विकासमा महत्त्वपूर्ण योगदान पुर्‍याउँदै आएको थियो। बराल सोही क्याम्पसको क्याम्पस प्रमुखमा नियुक्त भएपछि नयाँ नेतृत्व चयनको प्रक्रिया अगाडि बढाइएको हो। नवनिर्वाचित समितिको पदस्थापना कार्यक्रम आगामी साउन पहिलो हप्ता सम्पन्न गरिने एसोसिएसनका नवनिर्वाचित अध्यक्ष देवेन्द धितालले जनाए ।

# सगरमाथा आरोहण गर्नेलाई पाँच लाख पुरस्कार

पोखरापत्र संवाददाता
दमौली, १३ असार

म्याग्दे गाउँपालिकाले सगरमाथा आरोहण गर्नेलाई प्रोत्साहन स्वरुप रु पाँच लाख दिने घोषणा गरेको छ। गाउँपालिकाको झण्डासहित सगरमाथा आरोहण गर्ने म्याग्देका बासिन्दालाई रु पाँच लाख प्रोत्साहन स्वरुप सहयोग गर्ने नीति लिइएको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकाकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले म्याग्देको पहिचानलाई राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा स्थापित गर्ने उद्देश्यले म्याग्दे गाउँपालिकाको लोगो अङ्कित झण्डासहित सगरमाथा आरोहण गर्ने व्यक्तिलाई रु पाँच लाख प्रोत्साहन अनुदान प्रदान गरिने बताउनुभयो । नेपालको गौरवको प्रतिक सगरमाथासँग गाउँपालिकाको नाम जोड्ने तथा साहसिक पर्यटन गतिविधिलाई प्रोत्साहन गर्ने उद्देश्यले यो कार्यक्रम ल्याइएको उहाँदे बताउनुभयो ।

यस्तै आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा कृषि तथा पशुपालन क्षेत्रलाई विशेष प्राथमिकतामा राखिएको छ । दूध उत्पादनमा कृषकलाई थप उत्साहित बनाउन प्रति लिटर दूधमा रु १० अनुदान उपलब्ध गराइने व्यवस्था गरिएको छ । यस कार्यक्रमका लागि गाउँपालिकाले रु ५० लाख बजेट विनियोजन गरेको छ ।

सामाजिक सद्भाव, समानता र समावेशी समाज निर्माणलाई प्रोत्साहन गर्ने उद्देश्यले अन्तरजातीय विवाह गर्ने दम्पत्तिलाई रु ५० हजार प्रोत्साहन रकम उपलब्ध गराइने व्यवस्था गरिएको उहाँले जानकारी दिनुभयो । समाजमा अझै विद्यमान जातीय विभेद् अन्त्य गर्न तथा सामाजिक एकता सुदृढ बनाउन यो कार्यक्रम प्रभावकारी हुने उहाँको विश्वास छ ।

विपद् जोखिम न्यूनीकरण तथा आकस्मिक अवस्थाको व्यवस्थापनलाई सुदृढ बनाउन गाउँपालिकाले विपद् व्यवस्थापन कोषमा रु ४० लाख बजेट छुट्याएको छ । बाढी, पहिरो, आगलागी तथा अन्य प्राकृतिक तथा मानवीय विपद्का घटनामा तत्काल राहत, उद्धार र पुनःस्थापनाका कार्यलाई प्रभावकारी बनाउन उक्त रकम परिचालन गरिने अध्यक्ष श्रेष्ठले बताउनुभयो ।

पर्यटन क्षेत्रलाई गाउँपालिकाको आर्थिक विकासको महत्त्वपूर्ण आधारका रूपमा लिँदै मानुङ, गैह्रास्वाँरा, हर्कपुरलगायत पर्यटकीय क्षेत्रको पूर्वाधार विकास र प्रवर्द्धनका लागि आवश्यक बजेट विनियोजन गरिएको उहाँले जानकारी दिनुभयो । ती क्षेत्रमा पदमार्ग, विश्रामस्थल, दृश्यावलोकन स्थल, सूचना केन्द्र तथा अन्य आवश्यक संरचना निर्माण गरी आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्ने लक्ष्य राखिएको छ। स्थानीय उत्पादनको संरक्षण, बजारीकरण तथा उपभोगलाई बढावा दिन 'बसे पनि सहर, गाउँकै खाने रहर' कार्यक्रम सञ्चालन गरिने अध्यक्ष श्रेष्ठले बताउनुभयो । यस कार्यक्रममार्फत गाउँमा उत्पादन भएका कृषि उपज, दुग्धजन्य पदार्थ, खाद्यान्न तथा परम्परागत खाद्य सामग्रीको प्रयोगलाई प्रोत्साहन गरिनेछ । गाउँपालिकाले कृषि उत्पादन वृद्धि, पर्यटन प्रवर्द्धन, सामाजिक समावेशिता, विपद् व्यवस्थापन र स्थानीय उत्पादनको संरक्षणलाई एकीकृत रूपमा अघि बढाउँदै दिगो विकास र समृद्ध म्याग्दे निर्माणको लक्ष्य लिएको जनाएको छ ।






फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिवको सबै भन्दा ठूलो सम्पत्ति हो ।

- एल्फेड डे

## सम्पादकीय

# सरकार जनताको ढाड धेरै नसेक

अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य औसत ३० प्रतिशतभन्दा बढी गिरावट आउँदा पनि नेपालमा भने सरकारले लामो समयदेखि मूल्य घटाएको छैन । अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य उच्चतम बिन्दु ११७ डलर प्रतिब्यारेलबाट घटेर ६९ डलरमा आइसकेको देखिन्छ, । यति ठूलो मात्रामा भाउ घटिसक्दा पनि नेपाली उपभोक्ताले भने अझै पुरानै महँगो दरमा इन्धन किन्नुपर्ने अवस्था छ । अन्तर्राष्ट्रिय बजारमा मूल्य घट्दा त्यसको प्रत्यक्ष लाभ आम नागरिकले सहजै पाउनुपर्ने हो । यतिका दिन बितिसक्दा पनि मूल्य घटेको वास्तविक सूचना नदिएर सरकारले उपभोक्ता माथि खेलवाड गरेको छ । निगमको स्वचालित मूल्य प्रणाली अनुसार ' नियमित १५/१५ दिनमा आउने नयाँ मूल्यसूची अनुसार स्वचालित मूल्य प्रणाली लागु गरी मूल्य बढाउने र घटाउने दुवै काम सहज रूपमा गर्नुपर्ने हो।जनताप्रति उत्तरदायी नभएकोले सरकारले चर्को मूल्य तिर्न बाध्य पारेको छाभाउ बढ्ने बेलामा तुरुन्तै लागु हुने, घट्ने बेलामा चाहिँ लागु नहुने ? घाटा हुँदा उपभोक्ताले महँगो मुल्य तिरेर साथ दिने, अनि सस्तो हुँदा चाहिँ राहत नपाउने ?' सरकार जनताप्रति उत्तरदायी छैन भन्ने स्पष्ट हुन्छ ।

महँगिने बेला रातारात भाउ बढाउने तर सस्तो हुँदा अनेक बहाना बनाएर ढिलाइ गर्ने परिपाटीले संस्थागत हुँदै जानू विडम्बना हो । अन्तर्राष्ट्रिय बजारको तथ्यांक हेर्दा गत फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि संयुक्त हमला सुरु गरेपछि आकासिएको कच्चा तेलको मूल्यमा यस साता उल्लेख्य गिरावट आएको छ । युद्ध सुरु हुनुअघि प्रतिब्यारल ७६ अमेरिकी डलरको हाराहारीमा रहेको ब्रेन्ट क्रुडको मूल्य मध्यपूर्वको तनाव उत्कर्षमा पुग्दा कुनै समय ११० डलरभन्दा माथि पुगेको थियो । तर, पछिल्लो समय युद्धविरामको अवस्था र अवरुद्ध व्यापारिक मार्ग सुचारु भएसँगै अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य फेरि युद्धअघिकै अवस्थाभन्दा तल झरेको छ । शुक्रबार (जुन २६) को पछिल्लो तथ्यांकअनुसार ब्रेन्ट क्रुड आयलको मूल्य प्रतिब्यारल ७२ डलरको आसपासमा कारोबार भइरहेको छ । यसको मूल्य हाल ७२ देखि ७३ डलरको बीचमा तलमाथि गरिरहेको छ । त्यस्तै क्रुड आयल मूल्य पनि घटेर प्रतिब्यारल ६९ देखि ७० डलरको हाराहारीमा आइपुगेको छ । विश्वबजारमा कच्चा तेलको आपूर्तिमा देखिएको असहजता क्रमशः हट्दै जानु नै मूल्य घट्नुको मुख्य कारण बनेको छ । विशेषगरी, फेब्रुअरीदेखि इरानसँगको द्वन्द्वका कारण अवरुद्ध बनेको 'स्ट्रेट अफ होर्मुज' को बाटो हुँदै हुने तेलको ढुवानी पुनः सुचारु भएपछि बजारमा ठूलो राहत महसुस गरिएको छ ।

अघिल्लो महिनाको तुलनामा ब्रेन्ट क्रुडको मूल्यमा २० प्रतिशतभन्दा बढीको गिरावट आइसकेको छ । विश्वबजारमा मूल्य बढ्दा तत्कालै नेपालमा भाउ बढाउने नेपाल आयल निगमले अहिले मूल्य घटेको समयमा भने प्राविधिक कारण देखाउँदै तत्काल मूल्य नघटाउने अडान लिनु उपभोक्ताको ढाड सेक्नु हो । लगातारको मूल्यवृद्धिका कारण १ चैतअघि प्रतिलिटर १ सय ५७ रुपैयाँ रहेको पेट्रोल २ सय १९ रुपैयाँसम्म पुगेको थियो । त्यसैगरी १ सय ४२ रुपैयाँ रहेको डिजेल र मट्टितेल २ सय ३७ रुपैयाँ, १२७ रुपैयाँको हवाई इन्धन २ सय ६९ रुपैयाँ र प्रतिसिलिन्डर १९ सय १० रुपैयाँ रहेको खाना पकाउने ग्यास २१ सय १० रुपैयाँसम्म पुऱ्याइएको थियो । पछिल्लो पटक १८ वैशाखमा निगमले पेट्रोलमा २ रुपैयाँ र डिजेलमा १२ रुपैयाँ घटाएर क्रमशः २ सय १७ र २ सय २५ रुपैयाँ कायम गरेको थियो । त्यसयता अन्तर्राष्ट्रिय बजारमा तेलको भाउ ओरालो लागे पनि नेपालमा भने पुरानै महँगो मूल्य कायम छ, जसले गर्दा बजारमा महँगी चुलिएको छ र सर्वसाधारण चरम मारमा परेका छन । अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य घटे पनि नेपालमा नघटाउनु जनता लुट्ने खेल' हो ।

नाफा कमाउने उद्देश्यले सरकार आफैं मूल्य घटाउन चाहँदैन,'। विभिन्न कर र ट्याक्स बाहेक देशमा अरू आम्दानीको स्रोत केही छैन, यो जनतालाई लुटेर देश चलाउने योजना मात्र हो । इन्धनको मूल्य नघट्दा ढुवानी, निर्माण सामग्री र समग्र बजारभाउ अकासिएर यसले चौतर्फी असर पारेको छ । विकास निर्माणका काममा महँगी बढ्दा ठेकेदारहरू नै पलायन हुने अवस्था आएको र यसतर्फ सरकारलाई कुनै वास्ता छैन । इन्धनको मूल्यकै कारण नागरिकको आधारभूत अधिकारसमेत हनन भएको छ । 'आवतजावत नै महँगो भएपछि मानिसको राइट टु मुभमेन्ट भएन,।भान्सा महँगो हुँदा राइट टु फुड नै भएन,। अरू विकल्प केही नभएपछि नागरिकले सबै कुरा त्याग्नुपर्ने बाध्यता सिर्जना भएको छासरकारले जनताप्रति उत्तरदायी बनेर स्वचालित प्रणाली तुरुन्त लागू गर्नु जरुरी छ ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शुभ यात्रा | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाब |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# बडिगाडका हुरीपीडितलाई २२ लाख बढीको सहयोग

**पोखरापत्र संवाददाता**
बागलुङ, १३ असार

बडिगाड गाउँपालिकाका हुरी पीडितलाई राहत सामग्री प्रदान गरिएको छ ।

गत जेठ ११ गतेको हुरीबाट पीडित भएका २१७ जनालाई लायन्स क्लबले रु २२ लाख बढीका सामान वितरण गरेको हो ।

लायन्स क्लब बडिगाडका अध्यक्ष नरिश्वर घिमिरेका अनुसार पीडित परिवारलाई लत्ताकपडासहित जनही रु १२ हजार ५०० र १५ परिवारलाई जस्तापाता वितरण गरिएको हो । हुण्डरीले २१७ घरमा आंशिक भएको थियो ।

# घुम्तीगोठमा भेडा बाख्रापालन

**पोखरापत्र संवाददाता**
बेनी, १३ असार

अन्नपूर्ण गाउँपालिका-७ घराम्दीका कुमार पुर्जाले घुम्तीगोठमा भेडा बाख्रापालन सुरु गर्नुभएको छ ।

रोजगारको सिलसिलामा साउदीमा १० वर्ष काम गरेर स्वदेश फर्कनुभएका पुर्जाले गाउँमै स्वरोजगार बन्ने लक्ष्य लिएर पशुपालन सुरु गर्नुभएको थियो । "खाडीमा पसिना बगाउँदा घरखर्च जुटाउनुबाहेक थप प्रगति गर्न सकिएन, आफ्नै गाउँठाउँमा मिहिनेत गरौं भनेर भेडा बाख्रापालनमा लागेको हुँ । अहिले ६० वटा भेडा छन्, केही बाख्रा पनि पाल्दै आएको छु, लगानी धेरै नभएकाले भेडाबाख्राको सङ्ख्या विस्तारै बढाउँदै लगेको छु", पुर्जाले भन्नुभयो ।

हिउँदमा बैंसी र वर्षामा बुकीतर्फ घुम्ती राखेर भेडाबाख्रालाई पालन गर्दै आउनुभएका पुर्जाले यसपटक गाउँपालिकाले घुम्ती गोठका लागि अत्यावश्यक सामग्री खरिदमा सहयोग गरेको बताउनुभयो । "पचास प्रतिशत लागत साझेदारीमा रु ४० हजारबराबरको त्रिपाल, सोलार, लाइटलगायत सामग्री खरिद गरेको छु, । पालिकाले दिएको अनुदानले सामान खरिदमा राहत भएको छ, पशुपालन दुःख र परिश्रमको पेसा भएकाले सरकारी तवरबाट निरन्तर प्रोत्साहन हुन आवश्यक छ", उहाँले भन्नुभयो ।

पुर्जाले सञ्चालन गर्नुभएको कुमार कृषि तथा पशुपन्छी बहुउद्देश्य फार्मलाई तीन वर्षअघि अन्नपूर्ण गाउँपालिकाले बाख्राको खोर बनाउन अनुदान दिएको थियो । अन्नपूर्ण गाउँपालिका-१ का मनबहादुर पुर्जाले घुम्ती गोठका सामान किन्नका लागि पालिकाले दिएको अनुदानले राहत भएको बताउनुभयो ।

विगत ३५ वर्षदेखि घुम्तीगोठमा भेडापालन गर्दै आउनुभएका पुर्जाले गोठ सारिरहनुपर्ने भएकाले त्रिपाल, सोलार, लाइटलगायत अत्यावश्यक सामग्री हरेक वर्ष खरिद गर्नुपर्ने बाध्यता रहेकाले यस वर्ष गाउँपालिकासँगको साझेदारीमा रु ४० हजारबराबरको सामग्री खरिद गरेको जानकारी दिनुभयो । पुनम भेडा बाख्रापालन फार्म सञ्चालन गर्दै आउनुभएका पुर्जाले ४०० भेडा पाल्दै आउनुभएको छ । बैंसीदेखि हिमाली बुकीसम्म प्रशस्त चरन क्षेत्र रहेकाले अन्नपूर्ण गाउँपालिकामा व्यावसायिक भेडापालनको लहर नै छाएको छ । केही समयअघिसम्म घुम्तीगोठको भेडा बाख्रापालन हराएर जाने अवस्थामा पुगे पनि अहिले भने युवापुस्ता भेडा बाख्रापालनमा लागेको पुर्जाले बताउनुभयो । "यो वर्ष केही नयाँ गोठ थपिएका छन्, दुःखको पेसा भएकाले घुम्ती गोठमा बस्न सहज छैन, आम्दानीभन्दा सङ्घर्ष धेरै गर्नुपर्छ, भेडाबाख्रा पालेर ठूलै आम्दानी गर्न नसकेपछि घरखर्च चलाउन र बालबच्चा पढाउन भेडापालनको आम्दानीले थेग्छ", उहाँले भन्नुभयो ।

अन्नपूर्ण गाउँपालिकाको दाना, दोवा, हिस्तान, पाउद्धारलगायतका ठाउँका स्थानीयले घुम्ती गोठ राखेर व्यावसायिक भेडा बाख्रापालन गर्दै आएका छन् । पछिल्लोपटक भेडा बाख्रापालनमा युवाको आकर्षण देखिएको छ ।

अन्नपूर्ण गाउँपालिका-३ का वडासदस्य लालबहादुर पुनले समेत भेडा बाख्रापालन सुरु गर्नुभएको छ । रोजगारको लागि विभिन्न खाडी मुलुकमा पुगेर काम गर्नुभएका पुनले गाउँ फर्किएर आफ्नो बुबाले सुरु गरेको भेडा बाख्रापालनलाई व्यावसायिक बनाउन जुट्नुभएको छ । गाउँपालिकाका विभिन्न क्षेत्रमा अहिले ५० वटा घुम्ती भेडीगोठ सञ्चालनमा रहेको गाउँपालिका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो । "पर्यटन र जलविद्युत्पछि अन्नपूर्ण गाउँपालिका पशुपालन र कृषिमा सम्भावनायुक्त छ, हामीले कृषकलाई व्यावसायिक बनाउन प्रोत्साहन कार्यक्रम ल्याएका छौं, यसले आगामी दिनमा पशुपालन र पशुजन्य उत्पादनमा पालिकालाई बलियो बनाउने अपेक्षा गरेका छौं", गाउँपालिका अध्यक्षपुनले भन्नुभयो ।

गाउँपालिकाले पशुपालनलाई व्यवस्थित र व्यावसायिक बनाउन घुम्ती गोठमा गरिने भेडा बाख्रापालनका लागि अनुदानमा अत्यावश्यक सामग्री वितरणसँगै घाँसका विरुवा, औषधि वितरण, उत्पादनमा आधारित अनुदान, भकारो सुधारलगायतका कार्यक्रम सञ्चालन गर्दै आएको गाउँपालिका अध्यक्ष पुनले जानकारी दिनुभयो ।

अन्नपूर्णमा घुम्ती गोठमा भेडा बाख्रापालनसँगै चौंरीपालन, गाईपालन, भैंसीपालन, कुखुरापालन, माछापालन, बङ्गुरपालनसमेत हुँदै आएको छ ।

गाउँपालिकामा पशुपालनबाट मासुजन्य उत्पादनसँगै घिउ, ऊनलगायतका सामान अन्यत्र निर्यात हुने गरेको छ । गाउँपालिकामा रहेका पशुपालन फार्ममा हाल भेडा पाँच हजार २५५ वटा, बाख्रा नौ हजार २६६ वटा, भैंसी दुई हजार ३८४, गाई दुई हजार २५७ वटा र चौंरी ३७९ वटा रहेको पशु विकास शाखाले जनाएको छ ।

गाईभैँसीपालन गर्ने किसानलाई यस वर्ष वडा नं २, ५, ६ र ७ मा भकारो सुधारका लागि रु १० हजारदेखि २० हजारसम्म अनुदान उपलब्ध गराइएको छ ।

# एक हात गुमाएकी जमुना जलजलाकी सर्वोत्कृष्ट उद्यमी

**पोखरापत्र संवाददाता**
म्याग्दी, १३ असार

म्याग्दीको सदरमुकाम बेनी बजारसँगै रहेको पर्वतको जलजला गाउँपालिका-४ मोहनचोकस्थित टपरी एग्रोका प्रबन्ध सञ्चालक जमुना आचार्य जलजला गाउँपालिकाको सर्वोत्कृष्ट उद्यमी घोषित हुनुभएको छ ।

गण्डकी प्रदेश सरकारको उद्योग तथा पर्यटन मन्त्रालय, जलजला गाउँपालिका र दायित्व संस्थाको सहकार्यमा सञ्चालित वृद्धिमुखि उद्यमशीलता तथा रोजगारी प्रवर्द्धन कार्यक्रमअन्तर्गत शुक्रबार गाउँपालिकाको कार्यालय लामाखेतमा आयोजित लगानी प्रस्तुतीकरण कार्यक्रममा उत्कृष्ट अंक प्राप्त गरेपछि आचार्यलाई नगद रु. एक लाख ५० हजारसहित सम्मान गरिएको हो । बाल्यकालमै देब्रे हात गुमाएकी आचार्यले स्थानीय कृषि तथा पशुजन्य उत्पादनको संकलन, प्रशोधन र बजारीकरणका लागि सामूहिक रूपमा टपरी एग्रो सञ्चालन गर्दै आउनुभएको छ । मूल्याङ्कन समितिको सिफारिसका आधारमा उहाँको व्यावसायिक योजना र प्रस्तुती सर्वोत्कृष्ट ठहरिएको दायित्व संस्थाका गण्डकी प्रदेश प्रमुख विजय जिसीले जानकारी दिनुभयो । कार्यक्रममा उत्कृष्ट १० मा परेका अन्य नौ जना उद्यमीलाई पनि जनही रु. एक लाखका दरले पुरस्कार प्रदान गरिएको थियो । नौ वडाबाट प्राप्त एक सय ५४ आवेदनमध्ये विभिन्न सूचकका आधारमा चरणबद्ध छनोट गरी अन्तिम १० उद्यमीलाई लगानी प्रस्तुतीकरणका लागि छनोट गरिएको जलजला गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले बताउनुभयो । टपरी एग्रोका आचार्यसँगै जलजला कृषि तथा पशुपंक्षी फर्मकी शुभकुमारी कार्की, अभिषेक तरकारी तथा पशुपंक्षी फर्मकी सावित्री खत्री, थापा लोकल मार्टकी कमला बानियाँ थापा, मल्ल ढाका उद्योगकी उषा मल्ल, गोमा गाइभैँसी फर्मका तोपबहादुर क्षेत्री, पाईजा अर्गानिक फलफुल तथा पशुपंक्षी फर्मकी बसन्ती पाईजा, पाईजा नर्सरी फर्मका नरबहादुर पाईजा, राधादेवी पशुपंक्षी तथा कृषि फर्मकी राधिका भुसाल र श्रीहरि सुन्तला बगैंचा तथा पशुपंक्षी फर्मकी ताराकुमारी रेग्मीले उद्यमको सुरुवातको इतिहाँस, चुनौति, सफलता, अनुभव र भावी योजना प्रस्तुत गर्नुभएको थियो ।

एक सय ५४ जनाबाट पहिलो चरणमा छानिएका ४० जनालाई तालिम दिएर व्यावसायिक योजना तयार गर्न लगाएर दोस्रो चरणमा २० जना उत्कृष्ट उद्यमी छनौट गरीएको थियो । यस कार्यक्रम मार्फत गत आ.व. २०८१/२०८२ मा उत्कृष्ट २० मा छनौट भएका उद्यमीहरूलाई न्युनतम रु. ५० हजार बराबरको प्रविधि खरिदका लागि जनही नगद रु. २५ हजार पुरक अनुदान प्रदान गरिएको दायित्व संस्थाका जलजला फिल्ड अधिकृत विश्वनाथ आचार्यले बताउनुभयो । "४० जना भित्र परेका तर उत्कृष्ट २० बाट बाहिरिएका २० जना उध्यमिलाई रु. ३४ हजार बराबरको प्रबिधि खरिदका लागि जनही नगद रु २० हजार बराबरको पुरक अनुदान प्रदान गरिएको थियो," उहाँले भन्नुभयो "उद्यमको स्थलगत अनुगमनतर्फ ७५ प्रतिशत र एसएमएस भोटिङतर्फ २५ प्रतिशतको मुल्याङ्कनबाट गत माघ महिनामा १० जनालाई छनौट गरि प्रविधि खरिदका लागि जनही नगद रु. एक लाख अनुदान उपलब्ध गराइएको थियो ।" प्रदेश सरकारको रु. ४० लाख, जलजला गाउँपालिकाको रु. २० लाख र दायित्व संस्थाको रु. १५ लाख लागतमा सञ्चालित कार्यक्रममार्फत उद्यमीलाई तालिम, व्यावसायिक योजना निर्माण, प्रविधि सहयोग तथा अनुदान उपलब्ध गराएको छ ।

जलजलासंगै बागलुङको बडीगाड गाउँपालिका, गोरखाको सिरानचोक गाउँपालिका, तनहुको म्याग्दे गाउँपालिका, नवलपुरको हुक्सेकोट गाउँपालिकामा नमुना परियोजनाको रूपमा सञ्चालन भएको कार्यक्रम प्रभावकारी देखिएको गण्डकी प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालयका प्रशासकीय अधिकृत अशोक कुमार नेपालीले बताउनुभयो ।

# खाडीबाट फर्केर गाईपालनबाट मासिक दुई लाख आम्दानी

**पोखरापत्र संवाददाता**
पर्वत, १३ असार



रोजगारीका लागि आठ वर्षसम्म खाडीमुलुक साउदी अरब बसे पनि भनेजस्तो कमाई गर्न नसकेपछि घर फर्किएर व्यावसायिक गाईपालन गर्नुभएका पर्वतका एक युवाले मासिक रु दुई लाखभन्दा बढी आम्दानी गर्दै आउनुभएको छ ।

पर्वतको जलजला गाउँपालिका-८ फर्सेका ४५ वर्षीय नारायण जिसीले स्वदेशमै बसेर मासिक रु दुई लाखभन्दा बढी आम्दानी गर्न सफल हुनुभएको हो । विगत १३ वर्षदेखि व्यावसायिक गाईपालनमा लाग्नुभएका जिसीको गोठमा १२ वटा गाई र एउटा भैंसी छ । उहाँले दैनिक रूपमा ७५ देखि ८० लिटर दूध उत्पादन गरी बजारमा बिक्री गर्दै आएको जानकारी दिनुभयो । "गाईपालन सुरु गरेपछि आठ वर्ष साउदी अरब गएर काम गरैं, तर आफ्नै घरमा जस्तो कमाई नभएपछि पुनः फर्केर व्यवसाय विस्तार गरेको हुँ", उहाँले भन्नुभयो । पछिल्लो पटक रु १५ लाख लगानी गरेर गाईपालनमार्फ दूध उत्पादन थाल्नुभएका जिसीले यो व्यवसायबाट आफू सन्तुष्ट रहेको बताउनुभयो । उहाँले दूध बिक्रीबाट वार्षिक रु २४ लाखभन्दा बढी आम्दानी हुने गरेको बताउनुभयो ।

उहाँले दानापानी, घाँस, परालका लागि मासिक रु ६० हजार खर्च हुने गरेको बताउँदै खर्च कटाएर वार्षिक रु १७ लाखदेखि रु १८ लाखसम्म बचत गर्ने गरेको जानकारी दिनुभयो । उहाँका अनुसार उत्पादित दूध बस्ती नजिकै रहेको सङ्गम दुग्ध उत्पादक तथा कृषि सहकारी संस्थाको सङ्कलन केन्द्रमा बिक्री हुँदै आएको छ । सहकारीले प्रतिलिटर गुणस्तरका आधारमा न्यूनतम रु ९६ देखि रु ११० सम्म रकम किसानलाई भुक्तानी दिने गरेको जिसीले उल्लेख गर्नुभयो । घरबाटै बिक्री गरी पर्याप्त मूल्यसमेत पाउने भएकाले व्यवसायमा सोचेभन्दा बढी सफलता पाएको उहाँको भनाइ छ । "नजिकैको सहकारीमा बिक्री हुने भएकाले बजारीकरणको समस्या पनि छैन, गुणस्तरका आधारमा मूल्य निर्धारण हुने भएकाले ढुक्क छु", उहाँले भन्नुभयो ।

जिसीले एकीकृत विकास कार्यालय र गाउँपालिकाको कार्यालय दुवै स्थानमा फार्म दर्ता गरेर सञ्चालन गर्दै आएको जानकारी दिनुभयो । गाईवस्तुका लागि दानापानी आफैं तयार गर्ने, घाँसपराल आफ्नै खेतबारीमा उत्पादन गर्ने भएकाले नियमित खर्चसमेत कम हुने उहाँको अनुभव छ । जिसीले आफ्नो फार्ममा परिवारका सदस्यले मात्र काम गर्दै आएका बताउनुभयो । आफू, श्रीमती, छोराछोरीले नियमित रेखदेख गर्ने गरेको बताउँदै उहाँले हालसम्म बाहिरी कामदार राख्नु नपरेको उल्लेख गर्नुभयो ।

भनेजस्तो कमाई भएपछि जिसी हौसिनुभएको छ । उहाँले यो व्यवसायलाई विस्तार गर्ने योजनासमेत बनाउनुभएको छ । अब गोठ तथा अन्य संरचना विस्तार गरी गाईभैंसीको सङ्ख्या २० पुऱ्याउने योजना रहेको उहाँले बताउनुभयो । जिसीले पालिका र जिल्लामा रहेको भेटेरीनरी अस्पतालले प्राविधिक सहयोग गर्दै आएको जानकारी दिनुभयो। यसबाहेक दूध ढुवानीमा प्रतिलिटर रु पाँच अनुदान पाउने भएपछि किसानलाई थप सहज भएको छ । आफूहरूलाई राज्यलेसमेत प्रोत्साहन गरेकाले यसतर्फ आकर्षण बढेको सञ्चालक जिसीले बताउनुभयो । उहाँले आफूजस्तै विदेशमा गएर भौतारिने युवायुवतीलाई स्वदेशमै कृषि तथा पशुपालन गर्न सुझाव दिनुभयो । पर्याप्त मात्रामा उत्पादन गर्ने हो भने बजारको अभाव नहुने बताउँदै जिसीले खाडी मुलुकमा पसिना बगाउनुभन्दा आधा कम कमाई भए पनि स्वदेशमै रमाउन आनन्द हुने अनुभव सुनाउनुभयो । फर्से गाउँमा जिसी मात्र नभई अन्य ३५ जना युवाले व्यवसायी गाईभैंसी पालन फार्म सञ्चालन गर्दै आएका छन् ।

यहाँको एउटै गाउँबाट दैनिक ८०० लिटर दूध उत्पादन हुने गरेको जिल्लास्थित भेटेरीनरी अस्पताल तथा पशुसेवा कार्यालयले जानकारी दिएको छ । कार्यालयका प्रमुख सुरेशकुमार श्रेष्ठले किसानलाई प्रोत्साहनका लागि प्रतिलिटर दूध ढुवानीमा रु पाँचका दरले अनुदान दिँदै आएको बताउनुभयो । यसबाहेक भकारो सुधार, गाईभैंसीलाई बस्ने म्याट खरिद, दूध सङ्कलनका लागि क्यानलगायत सामग्रीसमेत कार्यालयले सहयोग गर्दै आएको उहाँले बताउनुभयो ।

# स्याङ्जामा पर्यटन प्रवर्द्धनमा नयाँ अभ्यासः नाकामै स्वागत

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १३ असार

स्याङ्जामा पर्यटन प्रवर्द्धनका लागि नयाँ अभ्यास सीमा नाकामै पर्यटकलाई स्वागत गर्न थालिएको छ। सिद्धार्थ राजमार्ग हुँदै जिल्ला प्रवेश गर्ने प्रमुख नाकामध्ये गल्याङ नगरपालिका-१, रामनदीधाम (राम्दी)बाट भित्रने आन्तरिक र बाह्य पर्यटकलाई स्वागत गर्न थालिएको हो। सीमा नाकामा पर्यटकलाई स्वागत गर्न थालिएको यो जिल्लामै पहिलो पटक हो।

स्थलमार्गबाट भित्रने आन्तरिक र बाह्य पर्यटकलाई लक्षित गर्दै जिल्लाका प्रमुख पर्यटकीय स्थलको जानकारी सहित राम्दीमा स्वागत गर्न थालिएको छ । सिद्धार्थ राजमार्ग साँघुरो र धेरै घुम्ती भएकै कारणले सुरक्षित सवारी यात्रा सचेतनासँगै पर्यटन प्रवर्द्धनका लागि सीमा नाकामा स्वागत गर्ने अभियान संचालन गरिएको छ । अभियानअर्न्तगत भारत सहित तेस्रो मुलुकबाट राजमार्ग हुँदै नेपाल भ्रमणमा आएका पर्यटकलाई स्वागत गरिन्छ भने जिल्लाका ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय गन्तव्यबारे जानकारीमूलक पुस्तिका वितरण गरिएको छ । जिल्लाका पर्यटकीय स्थलहरुको जानकारी मूलक सामग्री सहित पर्यटकलाई आकर्षित गर्ने उद्देश्यले अभियान संचालन गरिएको एकीकृत सेवा कार्यालय स्याङ्जाका प्रमुख जीवन पौडेलले बताए। जिल्ला आउने पर्यटकलाई जिल्लाको परिचय, धार्मिक र पर्यटकीय स्थलको जानकारी, सुरक्षित यात्रा, पर्यटकमैत्री व्यवहार, वातावरण संरक्षण तथा जिम्मेवार पर्यटनसम्बन्धी सन्देश प्रवाह गरिएको छ। स्याङ्जालाई केवल स्थलमार्गको रुपमा प्रयोग नभइ घुम्न योग्य जिल्लाका रूपमा स्थापित गर्ने प्रयासस्वरूप अभियान अघि बढाइएको सेवा कार्यालयले जनाएको छ।

प्रमुख आकर्षक गन्तव्यबारे जानकारी गराउँदै पर्यटकलाई स्वागत गर्दा पर्यटन प्रवर्द्धनमा सकारात्मक प्रभाव पर्ने विश्वास गरिएको छ।

अभियानले पर्यटन प्रवर्द्धनमा सकारात्मक सन्देश प्रवाहसँगै सुरक्षित यात्राको सन्देश दिएको छ । पछिल्लो समय सिद्धार्थ राजमार्ग हुँदै बुटवलबाट पोखरातर्फ दैनिक सयौको संख्यामा पर्यटकीय सवारी साधन आवतजावत गर्ने भएपछि पर्यटक तथा यात्रुको सुरक्षालाई विशेष प्राथमिकतामा राखिएको छ।

पर्यटन प्रवर्द्धनसँगै पर्यटक तथा यात्रुलाई ट्राफिक नियमको पालना, सावधानीपूर्वक सवारी संचालन र सुरक्षित यात्रासम्बन्धी जानकारीसहित पम्प्लेट वितरण गरिएको जिल्लास्थित ट्राफिक प्रहरी प्रमुख प्रहरी नायब निरीक्षक नरेन्द्रबहादुर शाहीले बताए । सुरक्षित यात्राका लागि पालना गर्नुपर्ने नियम र सडक दुर्घटना न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रमले अभियान उपयोगी हुने उनले बताए । लापरबाही सवारी चलाउँदा साँघुरो र घुम्ती धेरै भएको सिद्धार्थ राजमार्गमा पछिल्लो समय दुर्घटना बढ्दै गएको प्रहरीको तथ्याङ्कमा देखिन्छ । अभियानले खासगरी वातावरणमैत्री पर्यटनको अवधारणालाई प्राथमिकतामा राखेको छ। पर्यटकलाई स्वच्छता कायम गर्न, फोहोर व्यवस्थापनमा ध्यान दिन तथा प्राकृतिक र सांस्कृतिक सम्पदाको संरक्षणमा सहयोग गर्न आग्रह गरिएको छ। 'पर्यटनमा सुरक्षा र संस्कृतिमा सम्मान, स्याङ्जाको विकासमा सबैको योगदान' भन्ने मुलानाराको अभियानलाई आतिथ्यतासहित राम्दीस्थित अस्थायी प्रहरी चौकीको सहकार्यमा निरन्तरता दिइने जनाइएको छ। अभियानमा सहभागी भारतीय पर्यटकले स्वागत र जानकारीमूलक अभियानले नेपाल भ्रमणलाई थप सहज र स्मरणीय बनाउने प्रतिक्रिया दिएका छन्। उनीहरुले स्याङ्जाका ऐतिहासिक, धार्मिक स्थल तथा पर्यटकीय गन्तव्यबारे प्राप्त जानकारीले आकर्षित गरेको बताए। पोखरा तथा मुस्ताङ भ्रमणमा निस्केका उनीहरुले समय मिलाएर स्याङ्जा जिल्लाका धार्मिक तथा पर्यटकीय स्थलको अवलोकनका लागि आउने प्रतिवद्धता सुनाए।

पछिल्लो समय स्थलमार्गबाट भारतीय पर्यटक बुटवल हुँदै पोखरा आउने क्रम दिनानुदिन वृद्धि हुँदै गएको छ । सिद्धार्थ राजमार्गमा दैनिक ठूलो संख्यामा भारतीय नंम्बर प्लेटका सवार साधन मोटरसाइकल, कार, जीप तथा बसमा हजारौ पर्यटकहरु सुनौली, बुवटल, पाल्पा हुँदै स्याङ्जाबाट पोखरा पुग्ने गरेका छन् । राजमार्ग प्रयोग गरी हिड्ने पर्यटकलाई लक्षित गर्दै स्वागत अभियान संचालन गरेपछि पर्यटन क्षेत्रमा उत्साह थपिएको जिल्लाका पर्यटन विज्ञ अन्नतकुमार श्रेष्ठले बताए । गण्डकी प्रदेश सरकारअन्तर्गतको एकीकृत सेवा कार्यालय स्याङ्जाको नेतृत्वमा जिल्लास्थित प्रशासन कार्यालय, प्रहरी कार्यालय तथा ट्राफिक प्रहरी कार्यालय स्याङ्जाको सयुक्त सहकार्यमा अभियान सुरु गरिएको छ । अभियान संचालन भएसँगै जिल्लाका होटल, रेष्टुरेष्ट तथा पर्यटन व्यवसायी उत्साहित भएका छन् । भारतीय पर्यटकको आगमनमा वृद्धि हुँदै जाँदा राजमार्ग आसपासका क्षेत्रमा पर्यटकीय गतिविधि बढ्दै गएको छ।

# सरस्वती आधारभूतको कक्षाकोठा भवन निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, १३ असार



बेनी नगरपालिका-२ बगरफाँटमा रहेको सरस्वती आधार भूत विद्यालयमा कक्षा कोठा भवन निर्माण भएको छ।

ब्रिटिस गोर्खा वेल्फेयर र विद्यालयको साझेदारीमा अपाङ्गमैत्री, भूकम्प प्रतिरोधी क्षमताको तीनकोठे एकतले भवन निर्माण भएको हो। रु २८ लाख ६३ हजारको लागतमा भवन र शौचालय निर्माण भएको विद्यालयका प्रअ कृष्णप्रसाद सुवेदीले जानकारी दिनुभयो।

ब्रिटिस गोर्खा वेल्फेयरले रु २४ लाख ७५ हजार सहयोग गरेको भवन र शौचालय बनाउने विद्यालयले रु तीन लाख ८८ हजार ७९६ बराबरको श्रमदान र नगद लगानी गरेको प्रअ सुवेदीले बताउनुभयो । पुराना भवन जीर्ण र साँघुरो भएपछि पठनपाठनमा समस्या भएको थियो । नयाँ भवन बनेपछि पठपाठन सहज भएको छ । प्रअ सुवेदीका अनुसार कक्षा ८ सम्म पठनपाठन हुने विद्यालयमा हाल ५५ विद्यार्थी छन्।

# बुढापाकाले धानेको घुम्ती गोठ

**पोखरापत्र संवाददाता**
म्याग्दी, १३ असार

धवलागिरी गाउँपालिका-१ गुर्जाका ८० वर्षीय नरबहादुर छन्त्यालले ६५ वर्षसम्म घुम्ती गोठमा भैंसीपालन गर्नुभयो । स्वास्थ्यमा समस्या देखिएपछि नरबहादुरले १५ वर्षको किशोराअवस्थाको उमेरदेखि सुरु गरेको घुम्ती गोठमा भैंसीपालन गर्ने पेशालाई बिट मार्ने तयारी गर्नुभएको छ।

"मेरो बाल्यकालमा गाईंभैंसीको गोठ नहुने घरै हुँदैनथे," नरबहादुरले भन्नुभयो "अहिले भएका दुई/चार वटा गोठ पनि हामी वृद्धहरूले छाडेपछि हराउने अवस्था छ ।" पहिले हरेकजसो घरको घुम्ती गोठ हुँदा बुकी क्षेत्रमा चहलपहल हुने भए पनि पछिल्लो समय भने बुकीमा गोठ लैजानेको सङ्ख्या घट्दै गएको छ। बुकीका खर्क र पाटन सुनसान हुन थालेका छन्। गोठालाले गोठ राख्ने ठाउँलाई खर्क भनिन्छ भने लेकका चरन क्षेत्रलाई बुकी पाटन । खर्कमा रहेका ढुङ्गाको पर्खालमा काठ र निगाला तेर्साएर त्रिपाल र पाल राखेर अस्थायी गोठ बनाइन्छ।

यस क्षेत्रका किसानले पाल्दै आएको लिमे र पारकोटे जातको भैंसीको आनुवांशिक स्रोत घुम्ती गोठसँगै लोप हुने खतरा बढेको छ । धवलागिरी गाउँपालिका-५ बगरका कृषक किर्तबहादुर घर्तीमगरले जेठमा बेशीबाट उकालो लागेका गोठ साउनमा हिमालको फेदीका बुकी पाटनमा पुर्‍याउने र असोजमा बेशी झार्ने चलन रहेको बताउनुभयो।

"बेशीका फाँटमा बर्खेबाली लगाएपछि हप्ता/दश दिनको अन्तरमा घुम्ती गोठ सार्दै हिमालतिर जान्छौं," उहाँले भन्नुभयो "पाँच हजार मिटर उचाइको बुकी पाटनमा बर्खामा पोषिलो घाँस खुवाएर चिसो बढ्न थालेपछि गोठ बेशी झार्ने गर्छौं ।" पशुचौपायाको सङ्ख्या घटेपछि बुकी क्षेत्रमा स्थानीयले आलोपालो लगाएर गोठमा बस्न थालेका धवलागिरी गाउँ कार्यपालिकाका प्रवक्ता रहेका वडा नम्बर ३ का वडा अध्यक्ष देवेन्द्र रोकाले बताउनुभयो।

"दुई दशक अघिसम्म गाउँका सबै घरपरिवार घुम्ती गोठ राखेर गाईंभैंसी, भेडाबाख्रापालन पेसामा आबद्ध थिए," उहाँले भन्नुभयो "परम्परागत पशुपालन व्यावसायिक बन्न नसकेपछि युवाहरू विदेश पालन हुन थालेका छन् भने घुम्ती गोठको परम्परालाई गाउँका बूढापाकाले मात्र धानेका छन् ।" वडा अध्यक्ष रोकाका अनुसार हिजोआज गोठमा युवायुवती भेटिन छाडेका छन् । वृद्धवृद्धा अवस्थाका पाका पुस्तामात्र घुम्ती गोठमा भेटिन्छन् । युवायुवतीहरू वैदेशिक रोजगारीमा आकर्षित भएका छन्।

खेतीपाती, घाँसदाउरा र गोठधन्दाको काम गर्न नयाँ पुस्ता इच्छुक नदेखिएको मुनाका गाईंपालक किसान हर्कबहादुर रोकाले बताउनुभयो। घुम्ती गोठमा गरिने पशुपालन व्यावसायिक नबने पनि खेतीका लागि मल र पुर्खाले गरेको परम्परा धान्नका लागि गोठ राख्ने चलनले निरन्तरता पाएको उहाँको भनाइ छ।

परिवारको गुजारा खेती किसानी र पशुपालनबाटै चलाउनुपर्ने बाध्यता रहेको उहाँले बताउनुभयो । "गोठमा गाईंभैंसी पाल्नु भनेको दुःखको धन हो, खेतीपाती गर्ने भएपछि मलका लागि पनि पशुपालन गर्नैपर्‍यो, पशुचौपाया बिक्री गरेर हुने आम्दानी नगन्य हुन्छ," उहाँले भन्नुभयो "तीन-चार वर्ष पालेपछि मात्रै बहर गोरु बिक्री हुन्छन् ।" भैंसी र बाख्रापालन गर्ने किसानले भने गाईंपालन गर्नेहरूको तुलनामा बढी नगद आम्दानी गर्छन्। विसं २०७४ मा गरिएको सर्वेक्षण प्रतिवेदनअनुसार धवलागिरीमा गाईंगोरु छ हजार ७५६, रागाभैंसी दुई हजार ३८३, बाख्रा तीन हजार ६६४, भेडा दुई हजार २८, घोडा २२९ थियो । सात वडा रहेको धवलागिरीमा हाल गाईं चार हजार ४११, भैंसी दुई हजार ८४७, बाख्रा पाँच जहार ९८६, भेडा दुई हजार १९५, बङ्गुर ११९, कुखुरा १६ हजार २२६, खरायो ६७०, घोडा खच्चर २६६को सङ्ख्यामा रहेका गाउँपालिकाको पशु सेवा शाखाका प्रमुख चन्द्रकला दाहालले बताउनुभयो। नयाँ पुस्ता वैदेशिक रोजगारीमा आकर्षित हुँदा जिविकोपार्जन, स्वरोजगार र आयआर्जनको सम्भावना भएपनि दुःख गर्नुपर्ने भएका कारण नयाँ पुस्ताको आकर्षण कम हुँदा घुम्तीगोठसँगै स्थानीय जातका गाईंगोरु सङ्कटमा परेका हुन्।

# पर्यटकको बसाइ लम्ब्याउन घान्द्रुकमा चक्रीय पदमार्ग निर्माण

**कृष्ण दवाडी**
कास्की, १३ असार/रासस

अन्नपूर्ण संरक्षण क्षेत्रभित्रको पर्यटकीय गाउँ घान्द्रुकमा पर्यटकको बसाइ अवधि लम्ब्याउने उद्देश्य सहित चक्रीय पदमार्ग निर्माण गरिएको छ।

कास्कीको अन्नपूर्ण गाउँपालिका-११ मा पर्ने घान्द्रुक गाउँ अन्नपूर्ण आधार शिविर र घोरेपानी-पुनहिल पदयात्राको प्रवेशद्वारका रूपमा परिचित छ।

प्राकृतिक सौन्दर्य, हिमाली दृश्य र गुरुङ समुदायको मौलिक संस्कृति एकै ठाउँबाट अनुभव गर्न सकिने गरी निर्माण गरिएको पाँच किमी ५०० मिटर लामो पदमार्गले घान्द्रुकलाई थप आकर्षक पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्ने अपेक्षा गरिएको छ । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश र अन्नपूर्ण गाउँपालिकाको संयुक्त रु २५ लाख लगानीमा निर्माण गरिएको पदमार्ग पुरानो चौपाया हिँड्ने बाटोलाई स्तरोन्नति गर्दै ढुङ्गा छापेर तयार गरिएको हो । पदमार्ग निर्माणसँगै पर्यटकले वरपरका प्राकृतिक तथा सांस्कृतिक सम्पदासम्म पुग्ने नयाँ अवसर पाउनेछन् । समुद्री सतहबाट करिब एक हजार नौ सय ४० मिटर उचाइमा रहेको घान्द्रुक अन्नपूर्ण संरक्षण क्षेत्रभित्र पर्ने नेपालको चर्चित पर्यटकीय गाउँ हो। यहाँबाट अन्नपूर्ण दक्षिण, हिमचुली, माछापुच्छे लगायतका हिमशृ‍ङ्खलाको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ।


नवनिर्मित चक्रीय पदमार्ग खोलोभ्रों बसपार्कबाट सुरु भएर वडा कार्यालय, कोटगाउँ, पधेरो, घट्टेखोला, बलाचे पार्क, देउराली, बुद्ध पार्क, मेश्रम बराह, नेगु, चिया बगान र गैरीगाउँ हुँदै पुनः बसपार्कमै आएर टुङ्गिन्छ।

रोधी क्लब घान्द्रुकका वरिष्ठ उपाध्यक्ष अमृत गुरुङका अनुसार पदमार्ग निर्माणको अवधारणा चार वर्षअघि तयार गरिएको थियो । पछिल्ला वर्षमा घान्द्रुक आउने पर्यटकको सङ्ख्या बढ्दै गए पनि अधिकांशले एक रात मात्र बिताएर फर्किने गरेकाले उनीहरूको बसाइ अवधि बढाउने उद्देश्यले योजना अघि बढाइएको उहाँले बताउनुभयो।

उहाँ भन्नुभयो,"घान्द्रुकमा पछिल्ला वर्षमा पर्यटकको संख्या उल्लेख्य बढेको छ। यहाँ आएका पर्यटकले गाउँ वरपर हाइकिङ गर्दै प्राकृतिक र सांस्कृतिक सम्पदाको अनुभव गर्न सकून् भन्ने सोचका साथ चक्रीय पदमार्ग निर्माण गरेका हौँ। चार वर्षअघि सुरु भएको योजना अहिले पूरा भएको छ । यसले पर्यटकको बसाइ बढाउनुका साथै स्थानीय पर्यटन व्यवसायलाई प्रत्यक्ष फाइदा पुग्ने विश्वास गरेका छौँ ।" उहाँका अनुसार पदमार्गले पर्यटकलाई घान्द्रुकको प्राकृतिक सम्पदा मात्र होइन, ग्रामीण जीवनशैली, स्थानीय संस्कृति, चिया बगान, धार्मिक तथा ऐतिहासिक स्थल र वन क्षेत्रसँग पनि परिचित गराउनेछ। यसले हाइकिङ, प्रकृति अवलोकन, फोटोग्राफी तथा ग्रामीण पर्यटनका नयाँ सम्भावना विस्तार गर्ने अपेक्षा गरिएको छ । अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष विष्णुबहादुर केसीले पर्यटन पूर्वाधार विस्तारलाई गाउँपालिकाले प्राथमिकतामा राखेको बताउँदै घान्द्रुक चक्रीय पदमार्ग त्यसैको महत्वपूर्ण उपलब्धि भएको उल्लेख गर्नुभयो। उहाँले भन्नुभया "पर्यटन क्षेत्रको दिगो विकास र स्थानीय आर्थिक समृद्धिलाई केन्द्रमा राखेर गाउँपालिकाले पर्यटन पूर्वाधार निर्माणलाई निरन्तरता दिएको छ। घान्द्रुक चक्रीय पदमार्गले यहाँको पर्यटनमा नयाँ आयाम थप्ने विश्वास गरेका छौँ। यसजस्तै अन्य महत्वपूर्ण पदमार्ग तथा पर्यटन पूर्वाधार निर्माणका लागि सङ्घीय सरकार, प्रदेश सरकार र सम्बन्धित निकायसँग आवश्यक समन्वय गरिरहेका छौँ ।" अन्नपूर्ण-११ का वडाध्यक्ष हिमबहादुर गुरुङले पदमार्ग निर्माणमा स्थानीयवासीको उल्लेखनीय सहयोग प्राप्त भएको जनाउँदै योजनाको गुणस्तर र दिगोपनामा विशेष ध्यान दिइएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो ,"घान्द्रुकमाथिको जंगल क्षेत्रमा पदमार्ग निर्माण भएपछि पर्यटकको बसाइ कम्तीमा एक दिन थप लम्ब्याउन सकिने अपेक्षा गरेका छौँ। अहिले पदमार्ग तयार भएको छ । अब शौचालय, चौतारी, सूचना बोर्ड, विश्रामस्थल र अन्य आवश्यक पूर्वाधार थप्दै लैजाने योजना छ ।" घान्द्रुकमा वार्षिक रूपमा हजारौँ स्वदेशी तथा विदेशी पर्यटक आउने भए पनि उनीहरूको बसाइ छोटो हुने गरेको पर्यटन व्यवसायीको अनुभव छ। यहाँ आउने मध्ये केही पर्यटक पदयात्राका लागि जाने गर्छन् भने अधिकाँस एक रात बसेर फर्किने गरेका छन् । नयाँ चक्रीय पदमार्ग सञ्चालनमा आएपछि पर्यटकले हिमालको दृश्य, गुरुङ संस्कृति, ग्रामीण परिवेश र प्राकृतिक सम्पदाको अनुभव लिन सक्ने भएकाले बसाइ अवधि लम्बिने अपेक्षा गरिएको हो।

# वालिङ बजारमा ग्याँस डिलर अनुगमन

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १३ असार



स्याङ्जाको वालिङ नगरपालिका बजार क्षेत्रका ग्याँस डिलर तथा फुटकर पसलहरुको अनुगमन गरिएको छ । खाना पकाउन प्रयोग हुने एलपी ग्याँस फरक-फरक मूल्यमा बिक्री गरेको गुनासो आएसँगै नगरपालिकाले ग्याँस डिलरमा अनुगमन गरेको हो।

स्थानीय बजारमा शक्ति, गृहलक्ष्मी, सिद्धार्थ कम्पनी लगाएका ग्याँस डिलहरुको अनुगमन गरिएको अनुगमन टोली संयोजक तथा नगरपालिका प्रशासन शाखा प्रमुख नारायणप्रसाद रेग्मीले बताए । बजारमा हाल आधा ग्याँस सिलिन्डरहरु उपलब्ध भएपनि सिलिण्डरको उपभोक्ताले फरक-फरक मुल्यमा खरिद गरी उपभोग गर्नुपरेको गुनासो आएपछि अनुगमन गरिएको छ।

अनुगमनका क्रममा स्थानीय ग्याँस डिलरहरुले फरक-फरक मुल्यमा बिक्री गरेको, पसलमा मूल्य सूचि नराखेको, पसलहरु नगरपालिकामा दर्ता तथा नविकरण नगरेको पाइएको छ । खरिदकर्ता उपभोक्तालाई समेत बिल नदिएको भेटिएपछि तत्कालका लागि सचेत गराइएको अनुगमन संयोजक रेग्मीले जानकारी दिए।

ग्याँस तथा अन्य उपभोग्य सामान खरिद गर्ने उपभोक्ताले अनिवार्य खरिद बिल लिन नगरपालिकाले आग्रह गरेको छ। व्यवसायीलाई पनि अनिवार्य बिल जारी गर्न आग्रह गरेको नगरपालिकाले बिना बिलको सामान खरिद नगर्न उपभोक्ता र व्यापारी दुवै पक्षलाई सुझाएको छ।

अनुगमनका क्रममा ग्याँसका सहि तौल भएपनि पसल अनुसार ग्याँसको मूल्य फरक-फरक भेटिएकाले मूल्य एकरुपताका लागि सचेत गराइएको छ । वालिङ नगरपालिका, ईलाका प्रशासन कार्यालय, वडा प्रहरी कार्यालय, उपभोक्ता मञ्च र पत्रकारको संलग्नतामा विभिन्न कम्पनीका ग्याँस डिलरहरुको अनुगमन गरिएको हो।

# बालकल्याण माविमा हुवावे स्मार्ट कक्षा हस्तान्तरण

**पोखरापत्र संवाददाता**
लमजुङ, १३ असार

लमजुङको बैंसीसहर नगरपालिका-२ भकुण्डेस्थित बालकल्याण माध्यमिक विद्यालयमा आधुनिक प्रविधिसहितको स्मार्ट कक्षा सञ्चालनमा ल्याइएको छ।

विद्यालयमा बिहीबार आयोजित कार्यक्रममा हुवावे स्मार्ट कक्षा औपचारिक रूपमा हस्तान्तरण गरिएको हो । हुवावे नेपाल, नेपालस्थित चिनियाँ दूतावास, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय तथा नेपाल टेलिकमको सहकार्यमा कक्षाकोठामा डिजिटल बोर्ड र कम्प्युटर जडान गरी स्मार्ट कक्षा निर्माण गरेको हो । स्मार्ट कक्षा पहिल्यै सञ्चालनमा आए पनि बिहीबार औपचारिक रूपमा हस्तान्तरण गरिएको हो। कार्यक्रममा बैंसीसहर नगरपालिकाका प्रमुख गुमानसिंह अर्यालले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा वडा नं २ का वडाध्यक्ष मदनबहादुर रानालाई 'स्मार्ट पेन' प्रदान गरी स्मार्ट कक्षा हस्तान्तरण गर्नुभयो।

विद्यालयमा आयोजित कार्यक्रममा काठमाडौँस्थित हुवावे टावरबाट समेत भर्चुअल माध्यममार्फत सहभागिता जनाइएको थियो।

सो अवसरमा हुवावे नेपालका प्रमुख कार्यकारी अधिकृत चेस्टर चेन, आर्थिक परामर्शदाता झु फेङ, एडभीका वरिष्ठ शिक्षा विशेषज्ञ जेफ्री तथा आरम्भ विद्यालयका अध्यक्ष नरेशप्रसाद श्रेष्ठलगायतले स्मार्ट कक्षाले शिक्षा क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउन सहयोग पुग्ने धारणा व्यक्त गर्नुभयो।

विद्यालयका प्रधानाध्यापक विष्णुप्रसाद बरालका अनुसार स्मार्ट कक्षा सञ्चालनका लागि हुवावे नेपालले विद्यालयलाई १० थान कम्प्युटर, एक-एक थान ल्यापटप, प्रिन्टर र स्मार्ट बोर्ड तथा १५ वटा टेबुल उपलब्ध गराएको छ। साथै कक्षाकोठामा रङरोगन तथा कार्पेट व्यवस्थापनमा समेत सहयोग गरेको उहाँले जानकारी दिनुभयो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा वडाध्यक्ष रानाले विद्यालयमा डिजिटल शिक्षा प्रणालीको आधुनिकीकरणका लागि सहयोग गरेकामा हुवावे नेपाल र सहयोग गर्ने सबैप्रति धन्यवाद व्यक्त गर्नुभयो।